**मेरो प्रतिबद्धताः समावेशीता, सहमती र एकताका माध्यमबाट सबल र प्रभावकारी एन. आर. एन. ए., स्विट्जरल्याण्ड**

हिराबल गुरूङ, अध्यक्ष पदका उम्मेद्वार (२०१५-२०१७), एन.आर.एन.ए., राष्ट्रिय समन्वय परिषद, स्विट्जरल्याण्ड

---




एन. आर. एन. ए स्विट्जरल्याण्डका सदस्य मित्रहरु, स्विट्जरल्याण्डवासि नेपाली दाजु-भाई दिदी-बहिनीहरु, स्विट्जरल्याण्डका विभिन्न संघ संस्थाका साथिहरु, पत्रकार मित्रहरु र नेपाल प्रेमी महानुभावहरु,

स्विट्जरल्याण्डको नेपाली समाजको इतिहास लागभग ४०-४५ बर्ष पुरानो छ। यो समयावधिमा स्विट्जरल्याण्डको नेपाली समाजले आफ्नो विकाश क्रमका विभिन्न चरणहरु पार गरको छ। यसै सन्दर्भमा, स्विट्जरल्याण्डमा गैर-आवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषदको गठन २००८ सालमा भएको हो। स्थापना कालदेखि उक्त संस्थाका ३ साधरण सभाहरु र ६ बार्षिक बैठकहरु सफलताका साथ सम्पन्न भइसकेका छन्। यस अवधिमा संस्थाले संख्यात्मक रुपमा सदस्यहरु बनाइ बिभिन्न कार्यक्रमहरु संचालन गरेको छ। समग्रमाः स्विट्जरल्याण्डको गैर-आवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषदले अर्न्तराष्ट्रिय स्थरमा एक विषेश पहिचान बनाएको छ। तथापि यी उपलब्धिहरुका बाबजुद राष्ट्रिय समन्वय पारिषद स्विट्जरल्याण्ड सामु चुनौतीहरु नभएका हैनन्। स्विट्जरल्याण्डको नेपाली समाजमा हामी विविध सांकृतिक एवं पेशागत पृष्ठभूमि भएका नेपालीहरुको जमघट छ। अनि यो समाज स्विट्जरल्याण्डको विभिन्न भौगोलिक एवं साँस्कृतिक क्षेत्रहरुमा फैलिएको छ। त्यसै गरि गैर-आवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषदका बहुपक्षिय राष्ट्रिय एवं अर्न्तराष्ट्रिय महत्वका जिम्वेवारी र उदेश्यहरु छन्। एन. आर. एन. ए. अभियानका लक्ष्यहरु पनि समय सापेक्ष परिमार्जित हुदै गएका छन्। समाज भित्रका यि नै विविधताका कारण समावेशिता, सहमति र एकताका अवधारणाहरु सोचे जसरि फस्टाउन सकेका छैनन्।

मित्रहरु, चुनौतिहरु अडचन मात्र नभएर हाम्रो संस्थाको विकाशको लागि एक अवसर पनि हो भन्नेमा म विश्वास गर्दछु। चुनौतिहरु दिर्घकालिन सोच, समावेशिता, सहमति र एकताका माध्यमले समाधान गरिनु पर्दछ। हाम्रो सबल र निर्बल पक्षहरुको विश्लेषण गरि एक संस्थागत कार्यनीति तयार गर्ने हो भने ति चुनौतिहरु लाई ब्यबस्थित गर्ने कुरामा सफलता हासिल गर्न सकिन्छ भन्नेमा म विस्वस्थ छु।

प्रिय मित्रहरु, मेरो बारेमा यहाँहरु समक्ष २-४ शब्द राख्ने अनुमति चाहान्छु। म एक पारिवारिक व्यक्ति हु। म, मेरी श्रीमति र एक छोराका साथ बेर्नमा बसोबास गर्दछु। नम्रता, ईमन्दारीता र उच्च नैतिकता जस्ता गुणहरु मेरा माता पिताबाट सिक्ने मौका मिल्यो भने अहिले म यिनै गुणहरु मेरो छोरालाई हस्तान्तरण गर्ने क्रममा छु। पारिवारिक जिम्मेवारी र उत्तरदायित्वले मलाई हरेक दिन अझै बढि परिपक्क र भरपर्दो व्यक्ति बनाएको छ। समग्रमा यि पारिवारिक उत्तरदायित्व, पेशागत जिम्मेवारी र सामाजिक संलग्नताले मलाई परिष्कृत एवं सन्तुष्ट व्यक्ति बनाएको पाएको छु।

गैर-आवासिय नेपाली संघ, स्विट्जरल्याण्डका सदस्य मित्रहरु, म नेपाल र नेपालीहरु संग निकट सम्बन्ध कायम गर्दै नेपाल र नेपालीहरुको हितमा काम गर्नु चहान्छु। यसै उदेश्यका साथ म गैर-आवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद स्विट्जरल्याण्डको कार्यकाल २०१५ - २०१७ को अध्यक्ष पदमा मेरो उमेद्वारी घोषणा गर्नु चाहान्छु। साथै, समावेशिता, सहमति र एकताका माध्यमबाट गैर-आवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद स्विट्जरल्याण्डलाई एक सबल र प्रभावकारी संस्था बनाउने मेरो प्रतिबद्धता रहेको बिनम्र जानाकारी गराउन चाहान्छु।

यसै सर्न्दभमा म स्विट्जरल्याण्डका बिभिन्न नेपाली दाजू-भाई दिदी-बहिनीहरु लाई भेटी छलफल गरि रहेको छु। सर-सल्लाह संकलन गरि रहेको छु। प्राप्त सरहल्लाह र मेरो बिश्लेषणको आधारमा कार्यकाल २०१५-२०१७ का लागि निम्न एजेन्डाहरु पहिचान गरेको छुः

**समावेशिता, सहमति र एकताको अवधारणाः** समावेशिता, सहमति र एकताको अवधारणाको कार्यन्वयनका लागि म मेरो प्रतिबद्धता जाहेर गर्दछु। म लैंगिक, भौगोलिक र अनुभव जस्ता बिषयहरुमा समावेशि हुन चाहन्छु। सहमति र एकताका लागि सदैव प्रयास गर्ने छु। अहिले सम्मको मेरो संस्थागत अनुभवले मलाई यसमा सघाउने छ।

**एन आर एन ए स्विट्जरल्याण्ड, छाता संस्थाः** गैर-आवासिय नेपाली संघ एक गैर राजनितिक संस्था हो। यसलाई एक छाता संस्थाको रुपमा बिकसित गरिनु पर्दछ। यस अवधारणालाई साकार बानाउन म लागि पर्ने छु।

**निर्णायक बिषयहरुमा सदस्यहरुको सहभागिताः** म गैर-आवासिय नेपाली संघ स्विट्जरल्याण्डका सदस्यहरुको सरोकार र चासोलाई बुझ्ने भरमग्दुर प्रयास गर्ने छु। सदस्यहरु बाट प्राप्त सल्लाहहरु लाई प्राथामिकताका साथ लिने छु।

**संस्थागत विकासः** गैर-आवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद स्विट्जरल्याण्डलाई सवल एवं प्रभावकारी संस्था बनाउन संस्थागत विकास प्रक्रियालाई निरन्तरता दिने छ। साथै, म सदस्यता बितरण प्रकृयालाई सरलिकरण गर्ने छु।

**संचार र संवादको सुदृढिकरणः** संस्थाका क्रियाकलापहरु र निर्णयहरुमा संचार र संवादले महत्व पूर्ण भुमिका खेल्छन्। यस सर्न्दभमा २००९ देखि २०१३ साल सम्म प्रकाशित नेपालय बुलेटिनलाई पुनः प्रकाशित गरिने छ। त्यसै गरि संस्थाको वेव साईटलाई पुनः संचालनमा ल्याईने छ। नियमित ई-मेल, नेपालय बुलेटिन र वेव साईटको माध्यमबाट संस्था भित्र संचार र सम्वादलाई सुदृढ गरिने छ।



तत्कालिन राजदूत महामहिम शंकरदास बैरागी लाई स्वागत गर्दै हिराबल गुरुङ (फोटो श्रोत:[www.basellandschaftlichezeitung.ch](http://www.basellandschaftlichezeitung.ch))

**स्विट्जरल्याण्ड बसाईको क्रममा संघर्षरत नेपालीहरु लाई सहयोगः** स्विट्जरल्याण्डमा बसोबास गर्ने क्रममा संघर्षरत बिभिन्न क्षेत्रका, बिभिन पृष्ठ भुमिका र बिभिन्न पेशाका नेपालीहरुको हितमा काम गर्न बिशेष पहल गरिने छ। बिगतको मेरो आफ्नै पृष्ठ भुमि र पेशागत अनुभवले यस बिषयमा काम गर्न मलाई सघाउने छ।

**संस्थालाई आर्थिक रुपमा सवल बनाउनेः** गैर-आवासिय नेपाली संघ, स्विट्जरल्याण्डलाई आर्थिक रुपमा सफल बनाउन ६ महिना भित्र एक बिषेश कार्यक्रमको सुरुवात गरिने छ।

**नेपालमा सहयोग/विकासे योजनाः** गैर-आवासिय नेपाली संघ स्विट्जरल्याण्ड र गैर-आवासिय नेपाली संघ, अर्न्तराष्ट्रिय समन्वय परिषद द्वारा संचालित भईसकेका योजनाहरु लाई सहयोग गरिनि छ। साथै गैर-आवासिय नेपाली संघ स्विट्जरल्याण्डको आफ्नो परिचय रहने गरि एक बर्ष भित्र एक छुट्टै योजना संचालन गरिने छ।

**दिर्घकालिन भूकम्प पीडित राहत अभियानः** विनाशकारी महाभूकम्प २०१५ ले पुर्याएको धनजनको क्षतिमा दिर्घकालिन पुनःनिर्माण कार्यक्रमको आवश्यकता देखिन्छ। गैर-आवासिय नेपाली संघ अर्न्तराष्ट्रिय समन्वय परिषद द्वारा प्रस्तावित १००० घरहरु निर्माण गर्ने योजनामा सहयोग गर्न स्विट्जरल्याण्डका सबै नेपाली संघ-संस्थाहरु संग सहकार्य गरिने छ।

**नेपाली भाष, साहित्य र पत्रकारिकाको प्रवर्धनः** नेपाली भाषा, साहित्य र पत्रकारिताका क्षेत्रका कृयाकलाप र कार्यक्रमहरु लाई प्रोत्साहित एवं प्रवर्धन गरिने छ। स्विट्जरल्याण्डका नेपाली मिडियाहरु संग „समदुरी“ को सिद्वान्त अनुसार सम्बन्ध बिस्तार गरिने छ। त्यसै गरि बढदो नेपाली समाजलाई मध्यनजर गर्दै भविष्यमा नेपाली बालबालिकाहरुका लागि नेपाली भाषा कक्षा संचालन गर्न प्रारम्भिक संभाव्यता अध्ययन गरिने छ। उक्त अध्ययनका आधारमा यस सम्बन्धमा निर्णय गरिने छ।

**संघ-संस्थाहरु संग सहमति र सहकार्यः** नेपाली राजदूतावास जेनेभा, स्वीस नेपाली समाज, नेपाली संघ-संस्थाहरु (नेपाली जनसम्पर्क समिति, अर्न्तराष्ट्रिय ऐक्यवद्धाता मञ्च, नेपाली सामजिक सरोकार मञ्च बेर्न, अराउ समाज, ग्लोबल नेपाल नेटवर्क जेनेभा, नेपाली समाज बासेल, नेपाली प्रवासि मञ्च, जुरीक नेपाली स्पोर्टस क्लव, नेपाली आदिवासी नेपाली जनजाती महासंघ, रोधि साझ र अन्य नेपाली संघ-संस्थाहरु) र नेपाली मिडियाहरु ([www.nepalswiss.com](http://www.nepalswiss.com) र [www.swissnepal.com](http://www.swissnepal.com)) संग नेपाल र नेपालीका सरोकारका बिषयहरुमा सहकार्य गरिने छ।

**सिप, ज्ञान र ईनोभेसन हस्तान्तरणः** वौधिक एवं तालिम प्राप्त नेपालीहरुले स्विट्जरल्याण्डमा हासिल गरेको सिप र ज्ञानलाई नेपाल र नेपालीको हितमा प्रवाहित गरिने छ।

**साँकृतिक एवं खेलकूद कार्यक्रमः** आयोजना गरिने गरिएका साँकृतिक एवं खेलकूद कार्यक्रमहरु लाई निरन्तरता दिने

छ। कार्यक्रमहरु आयोजना गर्दा स्थानिय कलाकारहरु, स्थानिय खेलाडिहरु र स्थानिय संघ-संस्थाहरु लाई प्रोत्साहित एवं प्रवर्धन गरिने छ।

**वार्षिक नेपाली कार्यक्रम तालिकाः** स्विट्जरल्याण्डका नेपाली संघ-संस्थाहरु द्वारा आयोजना गरिने कार्यक्रमहरुको वार्षिक तालिका निर्माण गर्न संघ-संस्थाहरु संग सहकार्य गरिने छ।

**नेपाली समाजको स्थानिय समाजसंग घुलमिलः** स्विट्जरल्याण्डको नेपाली समाजका सदस्यहरुको पेशागत एवं शैक्षिक सफलताका लागि हाम्रो समाज यहाँको स्थानिय समाज, सस्कृति र कार्य पद्धति संग घुल मिल हुनु पर्ने देखिन्छ। यस सन्दर्भमा स्थानिय भाषाको ज्ञानले महत्व पूर्ण भुमिका खेल्दछ। नयाँ आएका नेपाली मित्रहरु लाई स्थानिय भाषा सिक्ने प्रक्रियामा सुचना एवं जानकारी प्रदान गरि प्रोत्साहित एवं सहयोग गरिने छ।

**दोस्रो पुस्ताः** स्विट्जरल्याण्डको नेपाली समाजको दोस्रो पुस्तालाई एन आर एन अभियानमा सहभागि बनाउन प्राथमिकता दिईने छ। कार्य समितिको सरहल्लाहमा यसका लागि कार्यक्रमहरु तय गरिने छ।

**ईमन्दारीता र उच्च नैतिकताः** संस्थागत कार्यहरु गर्दा जहिले पनि म इमनदारिता र उच्च नैतिक्ताका साथ काम गर्ने छु भनि यहाँहरु समक्षय प्रस्ट पार्न चाहन्छु।

मित्रहरु, माथि उल्लेखित बाहेक हामीले २०१५-२०१७ मा अन्य धैरै बिषयहरुमा काम गर्नु पर्ने हुन्छ। ति बिषयहरु लाई तिन का महत्वका आधारमा प्राथमिकरण गरि कार्य गरिने छ।

साथिहरु, नेपाली दाजू-भाई दिदी बहिनीहरु, गैर-आवासिय नेपाली संघ स्विट्जरल्याण्डलाई सबल र प्रभावकारी ढंगले संचालन गर्न तपाई सम्पूर्ण स्विट्जरल्याण्डवासि नेपालीहरुको सहयोगको खाचोको पर्दछ भन्ने कुरामा म सचेत छु। म तपाईहरुको सल्लाहका साथ अगाडि बढ्ने छु। गैर-आवासिय नेपाली संघ स्विट्जरल्याण्डमा सन् २०१२-२०१३ मा महासचिवको हैसियतमा मैले संगालेको अनुभव यस सन्धर्वमा मेरा लागि महत्वपूर्ण हुने छ। उक्त पदिय दायित्व निभाउँदा मैले खेलको भुमिकाले मेरो सामुहिक रुपमा काम गर्ने शैलि र खुबि देखाउछ नै। यदि तपाईहरु ले मलाई गैर-आवासिय नेपाली संघ स्विट्जरल्याण्डमा नेतृत्व गर्ने र नेपाली समाजलाई सेवा गर्ने मौका प्रदान गर्नु भएमा तपाईहरुको आकांक्षा अनुरुप काम गर्न समय र शक्ति लगाउने छु। मेरो अनुसाशित जिवन शैलिले मलाई मेरो पारिवारिक जीवन र संस्थागत जिम्मेवारीका बीच संतुलन कायम गर्दै संस्थाको हितमा काम गर्न सहयोग गर्दछ भन्ने बिश्वास लिएको छु।

अन्त्यमा एन आर एन ए अभियानका लक्ष्य र उदेश्यहरुमा म आस्थावान छु र तपाईको आत्मा निर्णयमा बिश्वास गर्दछु। तपाईको निर्णयले गैर-आवासिय नेपाली संघ स्विट्जरल्याण्डको भविष्य निर्धारित गर्ने छ।

तपाईहरुको सहयोगको अपिक्षा सहित,
हिराबल गुरुङ



छौठौं एन आर एन ए यूरोपेली क्षेत्रिय बैठकको उद्घाटन सत्र संचालन गर्दै हिराबल गुरूङ (फोटो श्रोतः www.nepalswiss.com)